# मानवअधिकारपत्र
Human Rights Post
NHRC Monthly Newsletter Vol. 2 Issue 3 June-July 2009
सर्वैका लागि मर्यादा, समानता र न्याय
वर्ष २, अङ्क ३ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन २०६६ असार


# आयोगको नवौं वार्षिकोत्सव सम्पन्न

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगको नवौं वार्षिकोत्सव आयोगका कार्यालयहरूमा विभिन्न कार्यक्रमहरू गरी जेठ १३ गते सम्पन्न भएको छ। आयोगको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगले गरेका सिफारिसहरूलाई सरकारले गम्भीरताका साथ लिई कारबाही प्रक्रिया अघि नबढाएकाले दण्डहीनता मौलाउदै गएको बताउनु भयो। उहाँले आयोगलाई संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरिए पनि आयोगका सिफारिसहरूमध्ये ४ प्रतिशत मात्र पूर्ण कार्यान्वयन भएको, ५७ प्रतिशत कार्यान्वयनको प्रक्रियामा रहेको भन्ने जानकारी प्राप्त भएको र बाँकी ३८ प्रतिशत सिफारिसहरूमा कुनै कारबाही नभएको जानकारी दिनुभयो।

अध्यक्ष उपाध्यायले 'द्वन्द्वकालमा जफत गरिएका सम्पत्ति फिर्ता गर्नु पर्ने, बलजफ्ती बेपत्ता व्यक्तिको स्थिति सार्वजनिक हुनु पर्ने र मानवअधिकार उल्लङ्घन गर्नेहरूउपर कानुनी कारबाही हुनुपर्ने जस्ता चुनौतीहरू बाँकी नै छन्।' आयोगले सिफारिस गरेबमोजिम मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी कारबाही गर्न सरकारले पर्याप्त तत्परता नदेखाएको र राजनीतिक दलले आयोगका काम कारबाहीमा अपेक्षित सहयोग नगरेको उहाँले स्पष्ट पार्नुभयो। त्यस्तै नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध र आलेखहरूलाई राष्ट्रिय कानुन र योजना कार्यान्वयनमा ल्याउने कार्य नभएको अध्यक्ष उपाध्यायले बताउनु भयो।

प्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रिय मानवअधिकार आयोगलाई शक्तिशाली संवैधानिक निकायका रूपमा स्थापित गर्न चाहेको बताउनु भएको छ। आयोगको नवौं वार्षिकोत्सवमा प्रमुख अतिथिका रूपमा बोल्दै प्रधानमन्त्री नेपालले भन्नुभयो, 'राष्ट्रिय मानवअधिकार आयोगलाई शक्तिशाली बनाउन जस्तोसुकै सहयोग गर्न पनि वर्तमान सरकार तयार छ।' उहाँले मानवअधिकार संरक्षणका विषयमा सरकारले कसैसँग पनि सम्झौता नगर्ने बताउनु भयो। विगत नौ वर्षको अवधिमा आयोगबाट अपेक्षित उपलब्धि नभएको बताउँदै प्रधानमन्त्री नेपालले भन्नुभयो, 'म चाहन्छु, कुनै पनि मानवअधिकार उल्लङ्घनकर्ता आयोगको नाम सुन्ने बित्तिकै हच्किने वातावरण बनोस्।'



आयोगका प्रतिवेदनहरू सार्वजनिक गर्दै प्रधानमन्त्री माधवकुमार नेपाल (बीचमा)

आयोगको स्थापना कालदेखि २०६३/०६४ सालसम्म आयोगमा जम्मा ८,४५७ उजुरी दर्ता भएकोमा आयोगले १४७ ओटा सिफारिस गरेको र १,२३२ उजुरी फछ्र्यौट भएको जानकारी कार्यक्रममा दिइयो। यसैगरी २०६४ उपरान्त २०६५ चैत मसान्त सम्ममा १,७०७ उजुरी दर्ता भएकोमा १३८ सिफारिस गरिएको र १,१०३ उजुरी फछ्र्यौट भएका छन्। कार्यक्रममा आयोग नेपाल सरकारका मन्त्री तथा उच्च पदस्थ कर्मचारीहरू, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, राजदूत तथा कुटनीतिक नियोगका प्रमुखहरू, नागरिक समाजका अगुवा तथा प्रतिनिधिहरू, मानवअधिकारकर्मी तथा सञ्चारकर्मी लगायत सयौंको सङ्ख्यामा उपस्थिति रहेको थियो। क्रमश ....

## मानवअधिकार अवस्थाबारे सुरक्षा प्रमुखसँग बैठक

विराटनगर/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले त्यस क्षेत्रका सुरक्षा निकायका प्रमुखहरूसँग छलफल कार्यक्रमको आयोजना सम्पन्न गरेको छ। जेठको दोस्रो साता सम्पन्न उक्त छलफल कार्यक्रमको मुख्य उद्देश्य पूर्वाञ्चल क्षेत्रको मानवअधिकार तथा सुरक्षा अवस्थाबारे जानकारी लिनु र आयोग र सुरक्षा निकायका बीचमा सुमधुर सम्बन्धको विकास गर्नु रहेको थियो। पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरका प्रहरी नायब महानिरीक्षक, झापा, मोरङ र सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी सशस्त्र प्रहरी बल पूर्वक्षेत्रीय कार्यालयका प्रहरी उपरीक्षक, मोरङ जिल्लाका प्रहरी उपरीक्षक तथा नेपाली सेना पूर्वी पृतनाका प्रमुख सेनानी, नेपाली सेना पूर्वी पृतनाका मानवअधिकार शाखाका प्रमुख समेतको उपस्थिति रहेको सो कार्यक्रममा आयोगका क्षेत्रीय निर्देशक सुवर्णकुमार कर्माचार्यले आयोगको रणनीतिक योजना तथा नेपाल सरकारको तीन वर्षे मानवअधिकार कार्ययोजनाको बारेमा सहभागीहरूलाई जानकारी गराउनु भएको थियो। कार्यक्रममा सुरक्षा प्रमुखहरूले यस क्षेत्रको सुरक्षा तथा मानवअधिकारको अवस्था तथा सुरक्षा व्यवस्था सुदृढ पार्न गरिएका पहलका बारेमा प्रकाश पार्नुभएको थियो। साथै, आगामी दिनमा प्रशासनिक तथा सुरक्षा निकाय तथा राष्ट्रिय मानवअधिकार आयोगको बीचमा सहयोग र सहकार्य अभिवृद्धि गर्ने सम्बन्धमा पनि छलफल गरिएको थियो।

## यसभित्र


१. मासिक सन्दर्भ : मानवअधिकारमैत्री संविधान निर्माण २
२. जेठ महिनामा मानवअधिकारको अवस्था ३
३. मानवअधिकारमैत्री संविधानका लागि आयोगले पेस गरेको सुझाव ५
४. मानवअधिकारमैत्री संविधान र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कार्यशाला ६
५. जनकपुरमा आयोगको क्षेत्रीय कार्यालय स्थापना ७
५. द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह ७
७. मानवअधिकारमैत्री संविधान निर्माणको अपरिहार्यता ८
८. मानव बेचबिखनसम्बन्धी प्रतिवेदनबारे छलफल ९
९. वैसाख महिनामा परेका उजुरीहरू १०
१०. जेठ महिनामा परेका उजुरीहरू ११

## राष्ट्रिय मानवअधिकार आयोग

**केन्द्रीय कार्यालय, ललितपुर**

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्यय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल

## मासिक सन्दर्भ

# मानवअधिकारमैत्री संविधानको निर्माण

सिङ्गो राष्ट्र नयाँ संविधान निर्माणको क्रममा छ यतिखेर । विभिन्न बाधा व्यवधानका बाबजुत अपेक्षा गरेभन्दा ढिलै भए पनि नयाँ संविधान तयार पार्न विभिन्न चरणका छलफलहरू भइरहेका छन् । राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो रणनीतिक योजनाकै महत्वपूर्ण मुद्दाको रूपमा मानवअधिकारमैत्री संविधान निर्माणको मुद्दालाई अघि सारेको विदितै छ । मानवअधिकारको अन्तर्राष्ट्रिय मूल्य-मान्यतालाई आत्मसात् गर्दै अब बन्ने संविधानलाई मानवअधिकारमैत्री बनाउन सकिन्छ भन्ने विश्वासका साथ आयोग देशका विभिन्न भागमा मानवअधिकारमैत्री संविधानको अवधारणा र चेतना वृद्धि गर्ने अभियानमा जुटेको छ ।

यसै सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले नेपाल पत्रकार महासंघसँग सहकार्य गरी देशका विभिन्न भागमा मानवअधिकारमैत्री संविधान निर्माण र अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी क्षेत्रीय कार्यशालाहरू सम्पन्न गरेको छ । सम्पन्न भएका ती कार्यशालाहरूमा विगतदेखि अहिलेसम्म नेपालमा जारी भएका संविधानले दिएको अधिकारको दायरालाई आँकलन गर्दै अब बन्ने संविधानमा के-कस्ता अधिकारहरू समावेश गर्ने भन्ने सन्दर्भमा व्यापक छलफल र बहसहरू भए । छलफलका सहभागीहरूले वर्तमान संविधानले मौलिक हकको व्यवस्था गरेको जस्तो देखिए पनि 'कानुन बमोजिम' भन्ने शब्दको प्रयोग गरी अधिकारलाई कानुनी दायरामा धकेलिदिएको साथै संविधानको आयु सकिने बेलासम्ममा पनि कानुन नबन्ने अवस्था विद्यमान भएकाले मौलिक हकमा सुरक्षित गरिएका अधिकार निर्वाध उपयोग गर्न नपाएको गुनासो गरे ।

देशको राजनीतिक तरलताको कारणले विभिन्न समयमा संकटकाल लगाइने गरेको र अभिव्यक्ति स्वतन्त्रता लगायत विभिन्न संवेदनशील अधिकारहरू कुण्ठित हुने भएकाले संकटकालमा समेत मौलिक हकलाई नियमित र व्यवस्थित हुने किसिमको व्यवस्था गर्न माग भएको छ । त्यसैगरी धेरै नयाँ अधिकारहरूलाई मौलिक हकका रूपमा राख्न सुभाव प्राप्त भएको छ, जस्तैः ज्येष्ठ नागरिकको अधिकार, निर्वाचित प्रतिनिधिले जनअपेक्षा अनुरुप काम नगरेमा उनीहरूलाई फिर्ता बोलाउन सक्ने 'प्रत्याव्हानको अधिकार' नागरिकका मौलिक कर्तव्यहरू पनि संविधानमा उल्लेख हुनु पर्ने, गैरनागरिकहरूका लागि पनि अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था हुनु पर्ने, प्राकृतिक स्रोत-साधनमा स्थानीयवासीको हक हुनु पर्ने, नागरिकको सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति हुनु पर्ने, संविधानमा लेखिने भाषा दोहोरो अर्थ नलाग्ने गरी स्पष्ट हुनु पर्ने तथा यी अधिकारहरू उपभोग गर्न नपाएमा बिगो बमोजिमको क्षतिपूर्ति र दोषीलाई कारबाहीको व्यवस्था हुनु पर्ने जस्ता आवाजहरू उठेका छन् ।

संविधानमा मौलिक हकलाई सूचिबद्ध गरेर मात्रै संविधान मानवअधिकारमैत्री हुँदैन, शक्ति पृथकीकरण एवम् सन्तुलनको व्यवस्था, कानुनको शासन, लोकतान्त्रिक शासन पद्धति, आवधिक निर्वाचन, जनताप्रतिको उत्तरदायित्व, महत्वपूर्ण मुद्दामा जनमत संग्रहको व्यवस्था जिम्मेवार तथा पारदर्शी राजनीतिक दलहरू जस्ता व्यवस्था हुन जरुरी छ । परिणाम स्वरूप संस्थागत बन्दै गएको दण्डहीनतालाई समूल नष्ट गर्न र मानवअधिकार संस्कृतिको विकास गर्न सकिन्छ ।

- सम्पादक




**आयोगको नवौं वार्षिकोत्सवको उपलक्ष्यमा विराटनगर क्षेत्रीय कार्यालयले आयोजना गरेको कार्यक्रम**

आयोगको नवौं वार्षिकोत्सवको अवसर पारेर आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूमा समेत विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ । विराटनगरमा आयोजित कार्यक्रममा संरक्षण अधिकृत नन्दकिशोरप्रसाद यादवले पूर्वाञ्चल क्षेत्रको मानवअधिकार अवस्था तथा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरले एक वर्षको अवधिमा सम्पन्न गरेका कार्यहरूका सम्बन्धमा सङ्क्षिप्त प्रतिवेदन पेस गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा क्षेत्रीय कार्यालय विराटनगरका निर्देशक सुवर्णकुमार कर्माचार्यले आयोगले विगत वर्षको कार्यप्रगतिलाई समीक्षा गर्दै आगामी दिनमा गर्ने कार्यक्रम तथा नीतिहरूका बारेमा जानकारी दिनुभयो । कार्यक्रममा पूर्वाञ्चलका तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका उच्च अधिकृतहरू, मोरङस्थित विभिन्न सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, ओएचसिएचआर र विराटनगरस्थित संयुक्त राष्ट्रसंघीय निकायका प्रतिनिधिहरू, मोरङ जिल्लामा कार्यरत मानवअधिकारसम्बन्धी गैरसरकारी संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी समेत गरी १ सयभन्दा बढीको उपस्थिति थियो । यसै सन्दर्भमा 'मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा युवाको भूमिका' विषयक निबन्ध प्रतियोगिताको आयोजना गरी कार्यक्रमका विजयीहरूलाई पुरस्कार वितरण गरिएको थियो । यस प्रतियोगितामा धरानकी भावना श्रेष्ठ प्रथम, भापाकी पवित्रा रेग्मी द्वितीय र खोटाङका लोकनाथ घिमिरे तृतीय भए ।

आयोगको नवौं वार्षिकोत्सवकै अवसरमा आयोगको क्षेत्रीय कार्यालय पोखराले एक कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा क्षेत्रीय कार्यालय पोखराको वार्षिक गतिविधि समेटेर तयार पारिएको पुस्तकको समेत विमोचन गरियो । कार्यक्रममा पुनरावेदन अदालत पोखराका मुख्य न्यायाधीश ज्ञानेन्द्रबहादुर कार्की, आयोगका निमित्त क्षेत्रीय निर्देशक अच्युत आचार्यलगायत विभिन्न मानवअधिकारकर्मी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी समेतको उपस्थिति थियो । यसैगरी आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्जले नवौं वार्षिकोत्सवको उपलक्ष्यमा 'मध्यपश्चिमको मानवअधिकारको अवस्था र आयोगको गतिविधि' विषयक छलफल कार्यक्रमको आयोजना गऱ्यो । आयोगका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, स्थानीय मानवअधिकारकर्मी तथा सञ्चारकर्मीको उपस्थिति थियो । यस कार्यक्रममा आयोगले गरेका गतिविधि र नागरिकको अपेक्षाका बारेमा सहभागीहरूले आ-आफ्नो धारणा राखेका थिए ।

# जेठ महिना मानवअधिकारको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगले देशको विभिन्न भागमा गरिरहेको नियमित अनुगमनबाट मानवअधिकारको अवस्था सन्तोष मान्ने खालको छैन । यो महिना खासगरी व्यक्तिको बाँच्न पाउने, निर्वाध रूपमा आवागमन गर्न पाउने, स्वतन्त्र रूपमा पेसा व्यवसाय गर्न पाउने तथा शान्तिपूर्वक जीवनयापन गर्न पाउने अधिकारहरू मुख्य रूपमा प्रभावित भए । काठमाडौं उपत्यकामा शान्तिसुरक्षाको अवस्था ज्यादै कमजोर देखिएको, पूर्वी तथा मध्य तराई र पूर्वी पहाडी जिल्लाहरूमा हत्या, हिंसा, बन्द तथा आमहड्ताल जस्ता गतिविधिहरूले अघिल्लो महिनाझैं निरन्तरता पाइरहे । यो महिनामा मुख्यरूपले दुई विषयले बढी चर्चा पाए, पहिलो विषय- बालबालिकाको अपहरण गर्ने प्रयास गरेको भन्ने आरोपमा कुटपीट र मृत्युका घटना, र दोस्रो, नागरिक सर्वोच्चताका नाममा एकीकृत नेकपा (माओवादी) ले गरेको विरोध कार्यक्रम । जेठ महिनाको मानवअधिकार अवस्थालाई सङ्क्षेपमा विश्लेषण गरिएको छ :




### शान्तिसुरक्षाको अवस्था

यो महिनामा अस्थिर राजनीतिक घटनाक्रमले शान्ति सुरक्षाको अवस्था दिनप्रतिदिन कमजोर बन्दै गएको भनी नागरिक समाजका प्रतिनिधिहरूले पटकपटक सरकारको ध्यानाकर्षण गराए । शान्ति सुरक्षाको अवस्था कमजोर भएकाले गर्दा राजविराज, विरगञ्ज तथा जनकपुर क्षेत्रका उद्योगी-व्यापारी काठमाडौं उपत्यका लगायत ठूला सहरहरूमा विस्थापित हुने क्रम रोकिएको छैन । तराईका जिल्लाहरूमा विभिन्न हतियारधारी समूहहरूले जबर्जस्ती चन्दा र व्यक्ति अपहरणपछि ठूलो रकम फिरौतीको माग गर्ने शृङ्खला कायमै रह्यो ।

धनुषा जिल्लाको जनकपुर नगरपालिका-११ बस्ने प्रफुल्ल कुमारको घरमा अज्ञात समूहले बम विष्फोट गराएको छ । कमजोर शान्ति सुरक्षाको कारणले फोनबाट आउने धम्कीबाट बच्न मानिसहरू ठूलो मात्रामा चन्दा वा फिरौती दिएर मुक्त हुने प्रयासमा छन् । शान्तिसुरक्षाको दृष्टिले राज्यको उपस्थिति प्रभावहीन देखिएको छ ।




**आदिवासी जनजातिका अधिकारसम्बन्धी जुम्लामा आयोजित अन्तरक्रिया कार्याक्रम**

जेठ २ गते कपिलवस्तु जिल्ला कृष्णनगरमा शनिबार राती नेत्रप्रसाद बेलबासे को घरमा बम विष्फोट हुँदा तीनजना घाईते भए । पारिवारिक स्रोतले ज्वाला सिँह समूहको नाममा २० लाख रुपैंया चन्दा मागेको र नदिएकाले विस्फोट भएको हुनसक्ने बताएको छ । गत जेठ ३ गते जनकपुर-जयनगर चल्ने रेलमा विष्फोट हुँदा २ दर्जन मानिस घाइते भए । यो घटनाको कारणले यस क्षेत्रका बासिन्दाले ठूलो असुरक्षा महसूस गरेका छन् । मध्यपश्चिमाञ्चल क्षेत्रका तराईका जिल्लाहरूमा चोरी, लुटपाट, मानव बेचबिखन लगायतका अपराधिक घटनाहरूमा वृद्धि भइरहेको आयोगको कार्यालयले जनाएको छ । रामेछाप जिल्लाको तिल्पुङ गाविसमा नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेल सहितका नेताहरूको टोली माथि जेठ ३ गते एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताबाट साङ्घातिक आक्रमण भयो । त्यसैगरी एकीकृत नेकपा ( माओवादी ) कै कार्यकर्ताले अर्घाखाँची जिल्लामा विभिन्न राजनीतिक दलका कार्यकर्तालाई धम्की दिएपछि राजनीतिक दलका नेता-कार्यकर्ता विस्थापित हुनु परेको जानकारी आयोगले प्राप्त गरेको छ । जेठ ४ गते पाँचथर जिल्लाको फिदिममा संयुक्त लिम्बुवान् राज्य परिषद्का कार्यकर्ताले लोकतान्त्रिक मञ्चको कार्यलयमा तोडफोड गरे । परिषद्का जिल्ला कमान्डर मिधुङ थाक्थुङको अगुवाइमा भएको भनिएको यो घटनामा संलग्न भएको आरोपमा प्रहरीले १५ जनालाई नियन्त्रणमा लिएको थियो । आफ्ना कार्यकर्ता निर्दोष भएको भनी तुरुन्त रिहाइको माग गर्दै परिषद्का कार्यकर्ताले फिदिम बजार बन्द गराए । तरुण दल, युथफोर्स तथा वाईसीएल कार्यकर्ताहरूबीच पटकपटक झडप भएको भनी विभिन्न सूचना तथा जानकारीहरू आयोगमा प्राप्त भए । जेठ ९ गते ललितपुर जिल्लाको धोबिघाटमा रहेको एजम्सन चर्चमा प्रार्थाना सुरु हुने बेलामा भएको बम बिष्फोटमा परि दुईजनाको मृत्यु र १४ जनाभन्दा बढी घाइते भए । जेठ १० गते विराटनगरको रघुपति जुटमिलमा भएको बम विस्फोटमा परी कम्तिमा दुई सुरक्षाकर्मी घाईते भए । तराई जनतान्त्रिक मुक्ति मोर्चाले यो घटनाको जिम्मेवारी दाबी गऱ्यो । जेठ २४ गते कालिकोटको मान्मामा तरुण दल र युथफोर्स तथा वाईसीएल कार्यकर्ताबीच झडप हुँदा चार वाईसीएल कार्यकर्ता गम्भीर घाइते भए । वाईसीएल

कार्यकर्ताले घटनाको प्रतिकार गर्दा नेकपा (एमाले) का कार्यकर्तामाथि साङ्घातिक हमला गरी १५ जनालाई घाईते बनाए।

## चन्दा, धम्की र विस्थापन

जेठ २२ गते इलाम जिल्लाको लिम्बा गाविसका सामुदायिक विद्यालयमा कार्यरत दुई शिक्षकलाई अज्ञात समूहले मार्ने धम्की दिएपछि उनीहरू रवि गाविसमा विस्थापित भएका छन्। उदयपुर जिल्लाका सबै गाविस सचिवलाई किराँत वर्कर्स पार्टीले १० दिनभित्र २ लाख रुपैयाको दरले चन्दा बुझाउन पत्र पठाएको भन्ने सम्बन्धमा आयोगमा जानकारी प्राप्त भएको छ। नवलपरासी देवगाव गाविस-८ महुबारी बस्ने रकिबुन निशा (वर्ष ३५) को घरमा गाउँलेहरूले ताला लगाइदिए। निशाका १२ वर्षीय छोराले गाउँकै १८ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा जरिवाना स्वरूप ३५ हजार मागेको र तिर्न नसकेपछि घरमा ताला लगाइएको उनले बताईन्। निशा आफ्ना चार छोराछोरीसहित छिमेकी गाउँ पिपरहियामा विस्थापित भएकी छन्। भारतीय सुरक्षाकर्मीको व्यवहारका कारण दाङ जिल्लाको दक्षिण सीमाक्षेत्रका हजारौं नेपालीहरूसदरमुकाम घोराहीतर्फ विस्थापित भएको भएकोबारे आयोगमा सूचना तथा जानकारीहरू प्राप्त भएका छन्। त्यसैगरी, बर्दिया जिल्लामा अधिकांश विस्थापितका घरजग्गा कब्जाबाट फिर्ता गरे पनि एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले नियन्त्रण कायम राखेको भनी विभिन्न सूचना तथा जानकारीहरू आयोगमा प्राप्त भएका छन्।

## जीवनको अधिकार

जेठ ३ गते मधेसी जनतान्त्रिक (राजन) समूहका कार्यकर्ताले स्थानीय माओवादी कार्यकर्ता सुरेश सिंहलाई सिरहा जिल्लाको सोरापुर गाविस–९ मा गोली हानी हत्या गरे। यो घटनामा रामनारायण सिंह नामका अर्का व्यक्ति समेत घाईते भए। जेठ ८ गते राती जुम्ला जिल्लाको धापा गाविस-९ बस्ने नेपाली काँग्रेसका महासमिति सदस्य उमाकान्त हमाललाई मखुन्डो लगाएको एक समूहले निजकै घरबाट अपहरण गरी निर्मम यातना दिंदा निज हमालको मृत्यु भयो। आयोगले यस घटनाको अनुसन्धान सम्पन्न गरेको छ। धनुषा जिल्ला धनुषाधाम गाविस-४ सिकयाही बस्ने उद्गार मण्डल (वर्ष २५) र सन्तोषकुमार साह (वर्ष १९) को गत जेठ १० गते जनकपुर नगरपालिका अन्तर्गत पिडारीचोक र कुर्थाबीचको सडक खण्डमा प्रहरी कारबाहीमा मृत्यु भएको छ। उनीहरूले प्रहरीलाई आक्रमण गर्न खोजेको आरोप प्रहरीले लगाएको छ। धनुषाको कनकपट्टि गाविस-४ बस्ने ईटा व्यापारी रामविलाश साहलाई जेठ ५ गते एक समूहले अपहरण गरी स्थिति अज्ञात बनाएको थियो। अपहरितलाई मुक्त गराउन खटिएका प्रहरीले जेठ १० गते निज रामविलाशलाई नियन्त्रणमा लिई पहिले चरम यातना दिई गोली हानी हत्या गरेको स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्। महोत्तरी जिल्लाको भरतपुर गाविस-९ पररिया बस्ने सुरेन्द्र महत्तो (वर्ष २४) लाई जेठ २४ गते धनुषाकै हरिहरपुर गाविसबाट बेलुकी फर्कंदै गर्दा सडकमा खटिएका सशस्त्र प्रहरीले मोटरसाइकल रोक्न दिएको निर्देशन नमानेको भनी गोली चलाउँदा निजको घटनास्थलमै मृत्यु भयो। मुठभेडमा मृत्यु भएको भनी प्रहरीले दाबी गरिरहेको यो घटनाका बारेमा आयोगले अनुसन्धान सुरु गरेको छ।

## आवागमनको अधिकार

जेठ महिनामा थारुवान् मुक्ति मोर्चा र मधेसी जनअधिकार फोरम लगायतले आव्हान गरेको आमहड्ताल तथा बन्दले यस क्षेत्रको जनजीवन ज्यादै कष्टकर बन्यो। यातायात व्यवसायीबीचको विवादका कारण तुलसीपुर-सल्यान सडक खण्डमा हप्तौं दिनसम्म आवागमन बन्द भई खाद्यान्न अभाव भएकाले सल्यान तथा रुकुमको जनजीवन कष्टकर बन्यो। संयुक्त लिम्बुवान राज्य परिषद्को एक समूहले जेठ १० गते बन्दको अवज्ञा गरेको भन्दै आरोपमा झापाको शान्तिनगरमा तीनओटा भ्यान तोडफोड गरे। मधेसी जनअधिकार फोरमले जेठ २५ गते तराई बन्दको अह्वान गऱ्यो। एकीकृत नेकपा (माओवादी) र तिनका भ्रातृसङ्गठनहरूले राष्ट्रपतिबाट नागरिक सर्वोच्चताको हनन् भएको भनी जेठ २० देखि ३१ गतेसम्म देशका विभिन्न जिल्ला प्रशासन कार्यालयहरू अघि धर्ना लगायतका विरोध कार्यक्रम सञ्चालन गरे। त्यस्दै दिनहुँ कम्तीमा एक घन्टा चक्काजाम गर्दा लाखौं सर्वसाधारण प्रभावित भए।

## बालअधिकार

बालबालिकाको अपहरण गर्न खोजेको आरोपमा मध्य तथा पूर्वी तराईका जिल्लाहरूमा व्यक्तिलाई कुटपिट गरी हत्या गर्ने क्रम आकस्मिक रूपले विस्तारित भयो। सप्तरी जिल्लामा जेठ २ गते एक अपरिचित व्याक्तिलाई बालबालिका अपहरण गर्न खोजेको भन्दै स्थानीय मानिसले निर्घात कुटपिट गरी जिउँदै जलाए। त्यही आरोपमा जेठ ४ गते सप्तरीको जोगिनिया गाविसका स्थानीय मानिसहरूले पहिचान नखुलेका एक व्यक्तिलाई निर्घात कुटपिट गरी आगो लगाउँदा निजको घटनास्थलमै मृत्यु भयो। यस्तै जेठको पहिलो हप्तामा सप्तरीकै पोरताहामा र योगिनीमा एक पुरुष र एक महिलालाई बालबालिका अपहरणकै आरोपमा हत्या गरियो। मोरङ, सुनसरी, धनुषा, रौतहट, मकवानपुर हुँदै राजधानी काठमाडौं समेतका पहाडी जिल्लाहरूमा समेत बालबालिका अपहरण गर्न आएको भनी जोसुकै अपरिचित व्यक्ति स्थानीय व्यक्तिको आक्रमणको निसाना बन्ने र त्यसरी आक्रमणमा पर्ने व्यक्तिको ज्यानै लिने किसिमका दर्जनौं घटनाहरू भए। यस्ता घटनाहरूलाई समयमै नियन्त्रणमा लिन तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सरकारले कुनै ठोस कार्यक्रम अघि सारेन। साथै, यस्ता आपराधिक घटना रोक्न प्रहरी प्रशासन सफल भएको पाइएन। अर्कातिर सामुदायिक विद्यालयहरूमा विषय शिक्षक र पर्याप्त दरबन्दीको अभाव रहेको तथा संस्थागत विद्यालयहरूमा शारीरिक तथा मानसिक यातनालाई प्रश्रय दिइएको जस्ता जानकारी तथा गुनासोहरू यो महिना आयोगमा प्राप्त भए। भोकमारीका कारण रुकुममा बालबालिकाको जीवन जोखिममा परेको पाइयो भने कर्णालीका बालबालिकाहरू यार्सागुम्बा खोज्नका लागि विद्यालय छोडेर जाँदा विद्यालय नै बन्द हुने स्थितिमा पुगे। विद्यालयको वातावरण बालअधिकारमैत्री नभएकाले राजधानी लगायत देशका विभिन्न विद्यालयमा विद्यार्थीले चरम यातना पाएको घटनालाई न्युन गर्ने ठोस उपाय अबलम्बन गर्न सरकारले कुनै तत्परता देखाएन।

## न्याय प्रशासन

जुम्ला जिल्ला कारागारमा रहेका बन्दीहरूले विभिन्न माग राखी जेठ ४ गतेदेखि अनिश्चितकालीन अनसन सुरु गरे। उनीहरूले कारागारमा आश्रित बालिका अस्मिना पण्डितलाई उपचारको लागि नेपालगञ्ज पठाउनु पर्ने, खाद्यान्नको गुणस्तर राम्रो हुनु पर्ने, आफन्तहरूसँग भेटघाट गर्न पाउनु पर्ने लगायतका मागहरू राखेका थिए। तालाबन्दी सुरु भएकै दिन आयोगको सम्पर्क कार्यालय समेतको पहलमा स्थानीय प्रशासनले माग पूरा गराउने प्रतिवद्धता व्यक्त गरेकाले अनसन तोडिएको आयोगले जनाएको छ। १३ वर्षदेखि १२ बिघा १४ कट्ठा ऐलानी जग्गा जोतभोग गर्दै आएका कपिलवस्तु जिल्ला मानपुर गाविस-५ का नौ घरपरिवारको जग्गा माओवादीका क्षेत्रीय इन्चार्ज इलियास मुसलमान र रामप्रसाद कुर्मीको निर्देशनमा कब्जा गरिएको पीडितहरूले बताएका छन्। तनहुँ जिल्ला कारागारको क्षमताभन्दा तेब्बर बन्दी भएकाले ज्यादै असहज स्थिति भएको आयोगले पाएको छ। २५ जनाको क्षमता भएको यस कारागारमा ७७ बन्दी रहेका छन्।

## महिला अधिकार

जेठ १९ गते सुनसरी जिल्लाको भोकराहा गाविस बस्ने सजनी मुखियालाई स्थानीयवासीले बोक्सीको आरोपमा उनका श्रीमान् समेतलाई गाउँ निकाला गरेका छन्। जेठ ९ गते सप्तरी जिल्लाको शम्भुनाथ गाविस-७ का बेचीदेवीलाई गाउँलेहरूले बोक्सीको आरोपमा यातना दिएको र गाउँ छोड्न दिएको निर्देशनविरुद्ध उनले जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिएकी छन्।

# मानवअधिकारमैत्री संविधान निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगद्वाले पेस गरेको सुझाव

अब बन्ने नयाँ संविधानले मानवअधिकारमैत्री संविधानका आधारभूत सिद्धान्तहरूलाई पूर्णतः आत्मसात् गरेको हुनु पर्दछ भन्ने आयोगको मान्यता रहिआएको छ। त्यसैले मानवअधिकारमैत्री संविधान निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको सुझाव पेस गरिएको छः

**मानवअधिकारमैत्री संविधानका आधारभूत सिद्धान्तहरू**

१. नयाँ संविधानले संविधानवादको सिद्धान्तलाई अँगालेको हुनु पर्दछ, जसभित्र मूलतः देहायका विषयहरू पर्दछन् :
   - शक्ति पृथकीकरण, नियन्त्रण एवम् सन्तुलनको व्यवस्था
   - सार्वभौमिकताको अवधारणा
   - कानूनको शासन
   - लोकतान्त्रिक शासन पद्धति
   - जनताप्रतिको उत्तरदायित्व
   - आवधिक निर्वाचन

२. बहुदलीय प्रतिस्पर्धामा आधारित लोकतान्त्रिक शासन प्रणाली,

३. जनतामा निहित सार्वभौमसत्ता,

४. संवैधानिक सर्वोच्चता वा संवैधानिक नियन्त्रण र सन्तुलनको व्यवस्था,

५. मानवअधिकार तथा मौलिक स्तवन्त्रताहरूको प्रत्याभूति एवम् प्रभावकारी उपचारको हकको सुनिश्चितता,

६. सामाजिक न्याय तथा समानताको संवैधानिक प्रत्याभूति,

७. स्वतन्त्र र सक्षम न्यायपालिकाको व्यवस्था,

८. प्रेस स्वतन्त्रताको सुनिश्चितता,

९. पारदर्शी तथा जिम्मेवार राजनीतिक दलहरू,

१०. सुशासनको प्रत्याभूतिका लागि निश्पक्ष, पारदर्शी, सक्षम तथा स्वच्छ प्रशासन,

११. जनताको सहभागिताको सुनिश्चितता र नागरिक अनुगमनको व्यवस्था,

१२. उपभोक्ताको अधिकारको सुनिश्चितता।

**उपरोक्त सिद्धान्तहरूका अतिरिक्त नयाँ संविधानलाई मानवअधिकारमैत्री संविधान बनाउन निम्न कुरालाई समेट्नु आवश्यक देखिन्छः**

१. मानवअधिकारका सिद्धान्त र मूल्य-मान्यतालाई पूर्ण रूपमा आत्मसात् गर्दै प्रस्तवनामा नै मानवअधिकारको प्रत्याभूति गरिएको कुरा उल्लेख हुनु पर्ने।

२. नेपाल-पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा व्यवस्था भएका अधिकारहरूलाई मध्यनजर गरी के-कस्ता अधिकारलाई मौलिक हकमा समावेस गर्न सकिने हो विचार गरी बढीभन्दा बढी मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रत्याभूति गरी नागरिकलाई अधिकारसम्पन्न बनाउने तथा ती अधिकारहरूको प्रभावकारी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाइनु पर्ने।

३. अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार सङ्कटकालीन अवस्थामा समेत निलम्बन गर्न नसकिने प्रकृतिका अधिकारहरूलाई राष्ट्रिय सङ्कटको घडिमा समेत निलम्बन गर्न नसकिने अवस्थामा राखिनु पर्ने।

४. मानवअधिकारको गम्भीर उल्लङ्घन भएको विषय र युद्ध अपराध, जातिहत्या एवम् मानवता विरुद्धको अपराधसम्बन्धी मुद्दाहरू फिर्ता लिने वा नचलाउने गरी महान्यायाधिवक्ता वा नेपाल सरकारले निर्णय गर्न सक्ने छैन भन्ने कुरा सुनिश्चित गरिनु पर्ने।

५. नेपाल-पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिहरूको पक्षराष्ट्र बन्नासाथ स्वतः लागू हुने प्रक्रिया अवलम्बन गर्दा नेपाल जस्तो विकासशील राष्ट्का लागि विभिन्न समस्या आइपर्ने भएको हुनाले मुलुकको आवश्यकता र क्षमताअनुसार महासन्धिहरूलाई ऐन-कानून मार्फत् कार्यान्वयनमा ल्याइने व्यवस्थालाई संविधानले अङ्गिकार गर्नु उपयुक्त हुने।

६. बालबालिका, वृद्धवृद्धा, शारीरिक वा मानसिक रूपमा अशक्त, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, तथा आर्थिक रूपले पिछडिएको वर्ग तथा क्षेत्रका व्यक्ति तथा समुदायको हक अधिकारको संरक्षण, उत्थान र विकासको लागि आरक्षण, विशेष सहुलियत वा उपयुक्त कानुनी संरक्षणको व्यवस्था मिलाइनु उपयुक्त हुने।

७. महिलाउपर हुने सबै प्रकारका हिंसा, विभेद र असमानतालाई अन्त्य गर्ने र उनीहरूको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइनु पर्ने।

८. न्यायपालिकाको संरचना अन्तर्गत परमादेश र बन्दीप्रत्यक्षीकरणका अतिरिक्त अन्य सबै रिटसम्बन्धी क्षेत्राधिकार सर्वोच्च अदालतका अतिरिक्त सोभन्दा एक तह मुनिको अदालतलाई समेतलाई प्रदान गरिनु उपयुक्त हुने।

९. सङ्घीय संरचनामा समेत हरेक प्रादेशिक राज्यका नागरिकको मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनु पर्ने। यसमा खासगरी अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय एवम् आर्थिक, समाजिक रूपमा पछाडि परेका वर्ग समुदायको अधिकारको संरक्षण तथा तिनको उत्थान, विकास र सम्मानजनक प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था मिलाइनु पर्ने।

१०. संघीय संरचनामा केन्द्र तथा प्रदेशका जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगलाई सन्तुलित र व्यवस्थित तुल्याउन मुलुकको स्रोत र साधनको न्यायोचित वितरण गरी त्यसको निर्वाध आपूर्तिको व्यवस्था मिलाउन संविधानले नै स्पष्ट खाका कोर्नु उपयुक्त हुने।

११. संविधानमा प्रयोग गरिने भाषाशैली र शब्द चयन समेतमा विशेष ध्यान दिइनु पर्ने हुन्छ ताकि कसैले पनि आफूलाई होच्याएको, उपेक्षा गरेको, भेदभाव गरेको महशुस नगरोस्। कुनै पनि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, वैचारिक आस्था, सामाजिक हैसियत, सम्पत्ति, शारीरिक सक्षमता वा अन्य कुनै पनि कुराको आधारमा कसैउपर महत्ताभाष वा लघुताभाष झल्काउने वा भेदभाव देखिने किसिमको शब्द चयन वा भाषा शैलीको प्रयोग हुन नहुने।

# मानवअधिकारमैत्री संविधान र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कार्यशाला

राष्ट्रिय मानवअधिकार आयोग र नेपाल पत्रकार महासंघले मानवअधिकारमैत्री संविधान निर्माण र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी क्षेत्रीय कार्यशालाहरू सम्पन्न गरेका छन् । गत जेठको पहिलो साता देखि पोखराबाट सुरु भएको कार्यशालाको शृंखला मध्यपश्चिमको सुर्खेत, सुदूरपश्चिमको डडेल्धुरा र पूर्वाञ्चलको धनकुटामा सम्पन्न भएको हो । अब बन्ने संविधानलाई मानवअधिकारका दृष्टिकोणबाट उच्चकोटिको बनाउन राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो रणनीतिक योजनामा समेत प्राथमिकता दिएको छ । त्यस्तै नेपाल पत्रकार महासंघले पत्रकारिता क्षेत्रका अधिकार र अभिव्यक्ति स्वतन्त्रताका विभिन्न पाटोहरूलाई अन्तर्राष्ट्रिय मूल्य-मान्यता र देशको विगतको अभ्यासलाई समेत दृष्टिगत गरी संविधानमा समेट्न आफ्नै किसिमले पहल गरिरहेको छ । तर, अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गर्नु पर्ने भनेको आफैंमा मानवअधिकार सुनिश्चित गर्ने काम भएकाले दुवै संस्थाहरू संयुक्त रूपमा यो अभियानमा सरिक भएका हुन् ।

यो कार्यशालाको उद्देश्य स्थानीय मानवअधिकारकर्मी र सञ्चारकर्मीबीच सहकार्य र समझदारी अभिवृद्धि गर्ने, मानवअधिकारमैत्री संविधान निर्माण गर्न थप दबाब सिर्जना गर्ने, संविधान निर्माण प्रक्रियामा राष्ट्रिय मानवअधिकार आयोग र नेपाल पत्रकार महासंघको भूमिकालाई सबल बनाउने र अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई आगामी संविधानमा उचित प्राथमिकता दिने रहेको थियो । कार्यशालाले नेपालका विभिन्न जिल्लामा कार्यरत मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरूको सुरक्षा अवस्थाका बारेमा पनि जानकारी लिएको छ । सबै कार्यशालाहरू सम्पन्न भएपछि त्यसबाट आएका सुझावहरूलाई समेटेर एउटा संक्षिप्त प्रतिवेदन तयार गरी संविधानसभाका अध्यक्षलाई बुझाउने उद्देश्य यो कार्यक्रमको छ ।







आयोगका सञ्चार अधिकृत भानुभक्त आचार्यले संयोजन गरेको यो कार्यशालामा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य रामनगीना सिंह, नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झा, उपाध्यक्ष गोविन्द आचार्य, महासचिव पोषण केसी, आयोगका निर्देशक वेद भट्टराई, सुवर्ण कर्माचार्य, उपनिर्देशक अच्युत आचार्य, संरक्षण तथा प्रवर्द्धन अधिकृतहरूले स्रोत व्यक्ति तथा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । हरेक कार्यशालामा ४५ जना सहभागी रहने व्यवस्था गरिएको थियो जसमा २० जना मानवअधिकारकर्मी, २० जना क्रियाशील सञ्चारकर्मी तथा ५ जना सरकारी निकायका प्रतिनिधि रहने व्यवस्था थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्ला शाखाका पदाधिकारीहरू, मूलधारका मानवअधिकारमी तथा पत्रकारहरू, सरकारी निकायका प्रतिनिधि (जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रतिनिधि, राजनीतिक दल र विद्यार्थी संगठनका प्रतिनिधिहरू) को उपस्थिति थियो । क्षेत्रीय कार्यशालालाई सम्पन्न गर्न आयोगको क्षेत्रीय कार्यालयहरू तथा नेपाल पत्रकार महासंघका क्षेत्रीय संयोजकहरूले सहकार्य गरेका थिए ।

हरेक कार्यशालालाई तीन दिनमा सम्पन्न गरिएको थियो । पहिलो दिन मानवअधिकारमैत्री संविधान निर्माणको प्रक्रिया र यसका सूचकहरू, मानवअधिकारमैत्री संविधान निर्माणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका, संविधान प्रदत्त मौलिक अधिकारहरू र वर्तमान सन्दर्भमा नागरिकका अपेक्षाहरूका सम्बन्धमा स्रोतव्यक्तिहरूबाट प्रस्तुति गरिएको थियो । त्यसपछि विभिन्न समूहमा विभाजन भएका सहभागीहरूले आ-आफ्नो धारणा र संविधानमा समेट्नुपर्ने सुझावहरू प्रस्तुत गरे । त्यसैगरी कार्यशालामा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न स्थापना गरिएका राज्यका निकायहरू (विभिन्न आयोगहरू, समितिहरू, मानवअधिकार सेल आदि) बाट प्रभावकारी कामकारबाहीका विषयमा पनि सहभागीहरूले छलफल र सुझाव दिए । कार्यशालाको दोस्रो दिन अभिव्यक्ति स्वतन्त्रताको अधिकार र नेपालको अवस्था, मानवअधिकारको रूपमा प्रेस स्वतन्त्रता, नयाँ संविधानमा समेटिनु पर्ने अभिव्यक्ति/प्रेस स्वतन्त्रतासम्बन्धी अधिकार, सूचना र गोपनियताको हक लगायतका विषयमा प्रस्तुति र सहभागीहरूबीच छलफल भएको थियो । उल्लिखित विषयमा सहभागीहरूले समूहमा छलफल गरी नयाँ संविधानमा समेटिनु पर्ने अधिकारहरूका बारेमा सुझावहरू प्रस्तुत गरेका थिए । कार्यशालाको तेस्रो तथा अन्तिम दिन मानवअधिकारकर्मी र पत्रकारहरूको सुरक्षा, मानवअधिकारमैत्री संविधान निर्माणमा सरोकारवालाहरूको भूमिका, आपसी सहकार्य र आगामी कार्यदिशाका बारेमा छलफल गरिएको थियो ।

| कार्यशाला/ मिति | स्थान | सहभागी जिल्ला | सहभागी संख्या | स्रोत व्यक्ति | सहजकर्ता |
|---|---|---|---|---|---|
| पोखरा जेठ २-४ | लुम्ले | १४ | ४७ | रामनगीना सिंह, धर्मेन्द्र झा, डा. भीमार्जुन आचार्य | अच्युत आचार्य, भानुभक्त आचार्य, पुण्य पौडेल, रविन्द्र बाँस्तोला, सरिता पराजुली |
| सुर्खेत जेठ ७-९ | विरेन्द्रनगर | १० | ४५ | रामनगीना सिंह, धर्मेन्द्र झा, बेद भट्टराई | भानुभक्त आचार्य, हरि ज्ञावली, जनक नेपाल |
| डडेल्धुरा जेठ १५-१७ | डडेल्धुरा | ९ | ५४ | बेद भट्टराई, गोविन्द आचार्य, भानुभक्त आचार्य | बद्री सुवेदी, दीपेन्द्र सिंह, मनमोहन स्वाँर |
| धनकुटा जेठ ३१-असार २ | पाख्रिबास | ११ | ४० | सुवर्ण कर्माचार्य, पोषण केसी, भानुभक्त आचार्य | बालकृष्ण पोखरेल, किशोर कार्की । |

# जनकपुरमा आयोगको पाचौं क्षेत्रीय कार्यालय स्थापना

जनकपुर/ राष्ट्रिय मानवअधिकार आयोगको पाँचौं क्षेत्रीय कार्यालयको जनकपुरमा स्थापना गरिएको छ। मध्य-तराईमा बढ्दै गएको मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई न्युन गर्ने उद्देश्यले आयोगको रणनीतिक योजना २००८-२०१० अनुरुप यो कार्यालयको स्थापना गरिएको हो। आयोगका सदस्य रामनगीना सिंहले जेठ २६ गते कार्यालयको उद्घाटन गर्दै 'क्षेत्रीय कार्यालयको स्थापना, मानवअधिकार संरक्षण र प्रवर्द्धनमा आयोग सर्वसाधारणको घरदैलोमा पुग्ने एउटा प्रयास' भएको बताउनु भयो। उहाँले अगाडि भन्नुभयो, 'यो कार्यालय स्थापनाबाट आयोगले मध्य-तराई र आसपासका क्षेत्रमा मानवअधिकार अवस्था सुदृढ तुल्याउन मद्दत मिल्ने आशा लिएको छ। आगामी दिनमा सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य गरी मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न आयोगको यो कार्यालयले अग्रणी भूमिका खेल्ने छ।'

कार्यक्रममा बोल्दै आयोगका सचिव विशाल खनालले आयोगले खोटाङ, बुटवल र जुम्लामा रहेका सम्पर्क कार्यालयहरूलाई चाँडै नै उपक्षेत्रीय कार्यालयमा स्तरीकरण गर्ने र थप उपक्षेत्रीय कार्यालयहरू स्थापना गर्ने योजना रहेको जानकारी दिनुभयो। कार्यक्रममा पुनरावेदन अदालत, जनकपुरका मुख्य न्यायाधीश लोकेन्द्र मल्लिक, प्रमुख जिल्ला अधिकारी शम्भू कोइराला, जनकपुर अञ्चल प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक गोपाल भण्डारी, वरिष्ठ पत्रकार राजेश्वर नेपाली, गैरसरकारी संस्था महासंघका धनुषा जिल्ला अध्यक्ष रामचन्द्र साह, नेपाल बार एसोसिएसन, धनुषाका अध्यक्ष बद्रिनारायण यादवले पनि आयोगको क्षेत्रीय कार्यालयको स्थापनाबाट आफूहरू उत्साहित भएको र आयोगसँग सहकार्य गरी अघि बढ्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधि, स्थानीय निकायका प्रमुखहरू, कानुन व्यवसायी, विभिन्न व्यावसायिक संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिहरू, सञ्चारकर्मी लगायत १५० जनाको उपस्थिति थियो।

यो क्षेत्रीय कार्यालय जनकपुर नगरपालिका वार्ड नं. १० देवीचोक, सरस्वती टोलमा स्थापना गरिएको छ। यसले मध्यमाञ्चलका महोत्तरी, धनुषा, बारा, पर्सा, सिन्धुली, सर्लाही, रौतहट र मकवानपुर जिल्लामा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ। यसअघि जनकपुरमा आयोगको सम्पर्क कार्यालय २०६३ जेठ २१ गते स्थापना भई सञ्चालन हुँदै आएको थियो।




**कार्यालयको उद्घाटन गर्दै आयोगका सदस्य रामनगीना सिंह**

आयोगका विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयहरू र खोटाङ, बुटवल र जुम्लामा सम्पर्क कार्यालयहरू रहेका छन्। जनकपुरको सम्पर्क कार्यालयलाई मध्यमाञ्चल क्षेत्रीय कार्यालयका रूपमा स्थापना गरिएको छ भने रोल्पा सम्पर्क कार्यालयलाई बन्द गरिएको छ। हाल सञ्चालनमा रहेका सम्पर्क कार्यालयहरूलाई उपक्षेत्रीय कार्यालयमा परिणत गरी आयोगको कार्यक्षमता विस्तार गर्दै लगिने आयोगले जनाएको छ। त्यसैगरी दाङ, इलाम, दोलखा लगायतका स्थानमा समेत निकट भविष्यमा उपक्षेत्रीय कार्यालयहरू स्थापना गर्ने योजना रहेको आयोगले जनाएको छ।

# द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह

राष्ट्रिय मानवअधिकार आयोगले द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह गरेको छ। जेठ २६ गते एक प्रेस विज्ञप्ति जारी गर्दै आयोगले शान्तिसम्झौता पछिको सङ्क्रमणकालको अवस्था अझै समाप्त नभइसकेको र संविधान निर्माणमा ढिलाई भइरहेको सन्दर्भमा आपसी आरोप-प्रत्यारोपबाट शान्तिपूर्ण वातावरणमा प्रतिकूल असर पर्ने बताएको छ। विज्ञप्तिमा भनिएको छ, 'पछिल्लो चरणमा देशमा विकसित राजनीतिक घटनाक्रमहरू सँगसँगै राजनीतिक नेता र कार्यकर्ताहरूबाट सार्वजनिक कार्यक्रमहरूमार्फत् समाजमा घृणा, द्वेष र हिंसा फैलाउने खालका अभिव्यक्ति प्रकट हुनु दुःखपूर्ण कुरा हो। यस्ता अभिव्यक्तिहरूले शान्ति-प्रक्रिया र संविधान निर्माणको काममा अवरोध खडा हुने मात्रै नभई समाजमा हिंसा भड्किन सक्ने सम्भावना हुन्छ। बृहत्तर शान्ति-सम्झौता र नेपालको अन्तरिम संविधानका पक्षधर मूलधारका राजनीतिक दलहरूका नेता र कार्यकर्ताहरूद्वारा त्यसकै मूल मर्ममा प्रहार हुने गरी सार्वजनिक अभिव्यक्ति दिनु खेदपूर्ण छ।'

जेठ महिनाको उत्तरार्द्धमा राजनीतिक दलका नेता-कार्यकर्ता तथा कार्यालयहरू समेतलाई लक्षित गरी भएका आक्रमण र तोडफोड तथा त्यस्ता घटनाको प्रतिक्रिया स्वरूप आह्वान गरिएका बन्द-हड्ताल जस्ता गतिविधिले राजनीतिक दलहरूबीचको सम्बन्धमा थप तीक्तता ल्याएको विज्ञप्तिमा उल्लेख छ। त्यस प्रकारको प्रवृत्तिले समाजमा हिंसाको संस्कारलाई बढावा दिने र मानवअधिकारको संस्कारलाई उपेक्षा गर्ने काम पनि गर्दछ। यस्ता गतिविधिले आमसर्वसाधारणको जीवन, जीवीकोपार्जन र मानवअधिकारका सवालहरूमा पनि गम्भीर असर पारेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

नेपाल पक्ष भएको 'अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६' को धारा १९ को उपधारा ३ ले अरुको प्रतिष्ठा र अधिकारलाई सम्मान गर्नका लागि कुनै प्रकारको युद्धलाई उकास्ने कुनै पनि किसिमको प्रचारबाजीलाई निषेध गरेको छ। यसले राष्ट्रिय, जातीय वा धार्मिक विभेद फैलाउने वा हिंसालाई बढावा दिने अभिव्यक्ति माथि पनि बन्देज लगाएको छ। त्यस्तै, नेपाल पक्ष भएको 'सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' को धारा ४ ले समेत कुनै पनि किसिमको जातीय भेद र हिंसालाई बढावा दिने अभिव्यक्ति दिन बन्देज लगाएको छ।

आयोगबाट जारी विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'समाजमा घृणा, द्वेष र हिंसा फैलाउने अभिव्यक्तिहरूले समाजको सद्भाव, शान्ति र सुरक्षा माथि नै चुनौति दिने भएकाले कुनै आस्था, जातजाति, लिङ्ग, संस्कृति र भूगोललाई लक्षित गरी कुनै पनि माध्यमबाट त्यसखाले सार्वजनिक अभिव्यक्ति नदिन र संवाद र सहमतिको बाटो अवलम्बलन गर्न सम्बद्ध सबै राजनीतिक दल र सरोकारवाला पक्षहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ।'

# मानवअधिकारमैत्री संविधान निर्माणको अपरिहार्यता

*रामनगीना सिंह, सदस्य, राष्ट्रिय मानवअधिकार आयोग*

अहिले हाम्रो देश नयाँ संविधान निर्माणको प्रसव वेदनाले ग्रसित छ। संविधान निर्माणका लागि तोकिएको अवधि जति नजिक हुँदै गएको छ, एउटा न एउटा विवाद बल्भिँदै जाने हाम्रो चलनले संविधान निर्माण झन्झन् जटिल बन्दै गएको छ। संविधान निर्माणको मूल दायित्वबाट राजनीतिक दलहरू उदासीन भई आ-आफ्ना राजनीतिक अभिष्ट पूरा गर्न सत्तालिप्सामा व्यस्त छन्। आपराधिक क्रियाकलापहरू दिन प्रतिदिन बढ्दो छ। चारैतिर दण्डहीनताको संस्कृति विकसित भई विधिको शासनलाई उपहास गरिरहेको छ। सुरक्षा निकाय निरीह र मूकदर्शक भई रमिते भएका छन्। अपराधीहरू खुलेआम घुमिरहेका छन् किनभने उनीहरूलाई कुनै न कुनै राजनीतिक दलको संरक्षण प्राप्त छ। राजनीतिमा अपराधिकरण र अपराधको राजनीतिकरण हुँदै गएको छ।

## सवैधानिक विकास

राणाहरूले आफ्नो निरंकुश शासनलाई टिकाई राख्न नेपाल सरकारको वैधानिक कानुन २००४ बनाई २००५ साल वैसाख १ गतेदेखि लागू हुने गरी घोषणा गरेका थिए। पूर्ण संविधान नभए पनि संविधानमा उल्लेख हुनु पर्ने केही कुराहरू यसमा उल्लेख भएकाले यसलाई पहिलो संवैधानिक विकासको पहिलो खुड्किलो मान्न सकिन्छ। यो वैधानिक कानुन जनताको असहमतिका कारण लागू नहुदैं निष्कृय हुन गयो। २००७ सालको क्रान्तिपश्चात् नेपाल अन्तरिम शासन विधान २००७ जारी भयो। संविधान सभाले बनाएका संविधानबाट नै देशको शासन व्यवस्था सञ्चालित हुन्छ, राणा, राजा र नेपाली काँग्रेसकोबीच दिल्लीमा सम्भौता भएअनुरुप दिल्लीबाट काठमाडौं फर्कदा राजा त्रिभुवनले घोषणा गरे पनि त्यसो हुन सकेन। एकपछि अर्को व्यक्तिको नेतृत्वमा सरकार बने पनि चल्न सकेन। अन्ततोगत्वा आमनिर्वाचनपश्चात् नेपाल अधिराज्यको संविधान २०१५ जारी हुने जनताबाट निर्वाचित विश्वेश्वरप्रसाद कोइरालाको प्रधान मन्त्रीत्वमा मन्त्रि मण्डल गठन भयो। सार्वभौमसत्ता राजामा निहीत रहेको संविधान जारी गराउने अधिकार राजामा निहित रहने उल्लेखित थियो।

राजा महेन्द्रले २०१७ पुस १ गते विशेषाधिकार प्रयोग गरी जननिर्वाचित सरकार र संसदलाई विघटन गरी शासन सत्ता आफ्नो हातमा लिए। अनि २०१७ सालमा निर्दलीय पञ्चायती शासन व्यवस्था लागू भएको घोषणा गर्दै त्यसअनुकुल हुने गरी नेपालको संविधान २०१९ जारी गरे। संविधानमा विभिन्न मौलिक हक उल्लेख गरी जातजाति, क्षेत्र, समुदाय, वर्ग, धर्म वा त्यस्तै प्रकारका अन्य आधारमा घृणा, द्वेष, अवहेलना, हिंसात्मक कार्य, सार्वजनिक वा व्यक्तिगत सम्पतिको हानी नोक्सानी हुने कार्य नगरी समाजमा सामञ्जस्यता कायम गर्न, राष्ट्रप्रति आस्था, राज्यप्रति वफादारी प्रत्येक नागरिकको मूल कर्तव्य हो भन्ने उल्लेख गरियो। कुनै पनि मौलिक हकलाई सार्वजनिक महत्वको विषयको लागि भनी निरस्त्र गर्न सक्ने 'नेसेसरी इभिल'को रूपमा धारा १७ राखियो। संविधानमा पटकपटक संशोधन गरी निर्दलीयताको स्वरूपमा केही परिवर्तन गरी विकेन्द्रीकरणको सिद्धान्त प्रयोग गरी व्यवस्थाको पक्षमा प्रचारप्रसार गरेगराए पनि एकतन्त्रीय, निर्विकल्प पञ्चायती व्यवस्था शासकहरूको कठोर संरक्षणका बाबजुद पनि स्थिर रहन सकेन र व्यवस्था ढल्न पुग्यो। माथि उल्लेख भएका उक्त संविधानमा मानवअधिकार, प्रेस, विचार र अभिव्यक्तिको स्वतन्त्रताबारे समुचित व्यवस्था गरिएको थिएन।

२०४६ सालको क्रान्ति पछि पुन: नयाँ संविधान लेखनका लागि आयोग गठन भयो। २०४६ सालको जनआन्दोलनलाई आत्मसात गरी सार्वभौमसत्ता र नेपालका राज्य शक्तिको स्रोत जनतालाई नै मानि संविधान जारी भयो। यसको प्रस्तावनामा "नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यवाट अभिप्रेरित भई प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताबीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट बनाइएको' भन्ने वाक्यांश उल्लेख थियो।




> ***राज्यले विधिको शासनद्वारा सबै जनतालाई गास, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा, सक्षम र स्वतन्त्र न्यायप्रणाली, प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता सबैले अविभेदीय रूपमा उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्दै समावेशी र लोकतान्त्रिक तरिकाले शासन व्यवस्था सञ्चाल हुनु पर्दछ भन्ने कुरा नै मानवअधिकारमैत्री संविधानको उद्देश्य हो।***

उक्त संविधानका धारा ११ देखि २२ सम्म विभिन्नखाले मौलिक हक उल्लेख भएको देखिन्छ। मानवअधिकारका विभिन्न अवधारणाहरूमध्ये सूचनाको हक, विचार र अभिव्यक्तिको स्वतन्त्रता, निवारक नजरबन्द विरुद्धको हक, स्वतन्त्रताको हक, समानताको हक, फौजदारी न्यायसम्बन्धी हक लेखिएको थियो। मानव जीवनलाई सक्षम, सुदृढीकरण भाइचारा, विधिको शासन, सक्षम न्याय प्रणाली, दिगो अर्थिक विकास, आपसी सद्भावलाई बढावा दिई प्रजातन्त्रको शासन व्यवस्थालाई अँगालेको देखिन्छ।

दश वर्ष लामो सशस्त्र द्वन्द्वमा देशले ठूलो क्षति व्यहोरेको छ। द्वन्द्वकालमा शासनसत्ता आफ्नो हातमा लिई सङ्कटकाल घोषणा गरी संविधानका भावना विपरित संविधानका धारा १२७ को अपव्याख्या गरियो। अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक आयोग छँदाछँदै जनतालाई त्रसित पार्ने उद्देश्यले भ्रष्टाचार निवारण शाही आयोग गठन गरी निर्दोष नागरिकहरूलाई जेल हाल्ने कार्य भयो। विधिको शासन समाप्त भई हुकुमी शासनको आडमा शाही आयोगका दमन चक्रबाट सबै त्रसित भए। पूर्वमन्त्री राजीव पराजुलीलाई भ्रष्टाचारको

आरोपमा थुनामा राख्दा रि.नं ११८ को बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतका ५ सदस्यीय विशेष इजलासले शाही आयोगलाई असवैधानिक ठहराई २०६२/११/१ मा ऐतिहासिक र युगान्तकारी फैसला गऱ्यो । उक्त फैसलाले थप उर्जाको काम गऱ्यो र जनआन्दोलन उत्कर्षमा पुगी आफ्नो लक्ष्य प्राप्त गऱ्यो । जनआन्दनेलनको सफलता पछि बाध्य भएर तत्कालीन राजा ज्ञानेन्द्रले विघठित प्रतिनिधिसभालाई पुर्नजीवित गरे । तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आइसकेपछि बनेको नेपालको अन्तरिम संविधान २०६३ लाई पटक-पटक संशोधन गर्दै समयानुकूल बनाउने प्रयास जारी छ जबकि संयुक्त राज्य अमेरिकाले १७८७ मा बनाएको संविधान पटक पटक संशोधन भई २२१ वर्ष, अष्ट्रेलियाले १९०० मा बनाएको १२८ धाराको संविधान १०८ बर्ष, जापानले १९४६ मा बनाएको १०३ धाराको संविधान ६२ बर्ष, भारतले ३९५ धाराको १९५० मा बनाएको संविधान ५८ बर्ष र फ्रान्सले १९५८ मा बनाएको ८९ धाराको संविधान ५० बर्षदेखि क्रियाशील छन् । हामी सातौं संविधान बनाउन भरमग्दुर प्रयास गरिरहेका छौं । साठी वर्षको अन्तरालमा हाम्रो संविधान अल्पायु हुने कारण के हो ? यो यक्ष प्रश्नको उत्तर खोज्नै पर्दछ ।

### मानवअधिकारमैत्री संविधान

नागरिक अधिकार र राजनीतिक अधिकार आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अधिकार निर्बाधरूपमा उपभोग गर्न पाउने प्रत्याभूति संविधानमा गरिएको हुनुपर्छ । विकासोन्मुख देशका बहुसंख्यक जनताले आर्थिक, सामाजिक सांस्कृतिक, धार्मिक अधिकारलाई स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउँदैनन् भने नागरिक र राजनीतिक अधिकारको महत्व रहदैन किनभने यी दुवै वर्गका अधिकारहरूलाई एक अर्कासित अलग गर्न सकिँदैन । यी दुवै किसिमका अधिकार अविभेदीय रूपमा उपभोग गर्न पाउने सुनिश्चित गर्ने संविधानलाई मानवअधिकारमैत्री संविधान भनिन्छ ।

सातौं संविधान निर्माण गर्नुपर्ने अवस्थासम्म हामी किन आईपुगेका छौं ? यसको कारक तत्वको बारेमा माथि नै उल्लेख गरिसकेको छ । अब बन्ने संविधान अल्पायु नभई दीर्घायु होस्, सबै वर्ग, समुदाय, जातजाति, आदिवासी जनजाति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, तेस्रो लिङ्गी, एकल महिला लगायत सबैको हकअधिकार अविभेदीय रूपमा सुनिश्चित गर्न सक्ने किसिमको हुनुपर्दछ । यसले गर्दा संविधानले सबै नेपालीको भावना समेटी हकअधिकार सुनिश्चित गरेको अनुभूति गराउन सक्छ र आमनेपालीको विश्वास प्राप्त गरी संविधान दीर्घायु हुनसक्छ । राज्यले विधिको शासनद्वारा सबै जनतालाई गास, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा, सक्षम र स्वतन्त्र न्यायप्रणाली, प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता सबैले अविभेदीय रूपमा उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्दै समावेशी र लोकतान्त्रिक तरिकाले शासन व्यवस्था सञ्चाल हुनु पर्दछ भन्ने कुरा नै मानवअधिकारमैत्री संविधानको उद्देश्य हो ।

### मानवअधिकारमैत्री संविधानका सूचकहरू

नेपालको अन्तरिम संविधान २०६३ को मौलिक अधिकारसम्बन्धी भागमा उल्लेख भएका सबै अधिकार, संविधानमा उल्लेख नभएका ज्येष्ठ नागरिकका अधिकार, उपभोक्ताका हकहितका अधिकार सुनिश्चित हुनुपर्छ । त्यस्तै जघन्य फौजदारी अपराधमा वा मानवता विरुद्धको अपराधमा दायर भएका मुद्दा, महिला, बालबालिका, ज्येष्ठ नागरिकका मानसम्मानसित गाँसिएका मुद्दा कुनै हालतमा फिर्ता लिनु हुँदैन । मुद्दा दायर भई झूठा ठहरी अपमानित हुनु परेमा क्षतिपूर्ति माग गर्न पाउनु पर्दछ । यस बाहेक मानवअधिकारसम्बन्धी अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९६५, आर्थिक, सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, बालअधिकार महासन्धि १९८९ लगायतले प्रदान गरेका मानवअधिकारका विषयहरूलाई अब बन्ने संविधानले आत्मसात् गर्नुपर्छ । कानुनलाई गलत रूपमा प्रयोग गरी कारबाही गर्ने अधिकारीबाट क्षतिपूर्ति भराउन सक्ने प्रावधान राखिनु पर्दछ । साथै, संविधानमा उल्लेख भएका हकअधिकार तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रदान गरेका अधिकार प्राप्त गर्न सक्ने उपचारको हक उल्लेख भएको हुनुपर्दछ । मौलिक हक उपभोग गर्न कुनै किसिमको प्रतिबन्ध हुनु हुँदैन । भ्रष्टाचार उन्मूलन गरी स्वच्छ र भेदभाव रहित, समावेशी, समतामूलक, लोकतान्त्रिक शासन व्यवस्थाको सुनिश्चितता, संविधानमा प्रयोग हुने शब्द, भाषा, शैली समेत मानवअधिकारमैत्री हुनुपर्छ । संविधानमा उल्लेख भएका कुनै पनि कुराले कसैलाई पनि भेदभाव गरेको, होच्याएको वा अपमानित गर्ने किसिमको हुनु हुँदैन ।

*(मानवअधिकारमैत्री संविधान निर्माण विषयक कार्यशालामा प्रस्तुत कार्यपत्रको सारांश)*

# मानव बेचविखनसम्बन्धी प्रतिवेदनबारे छलफल



ललितपुर/ नेपालमा मानव बेचविखनसम्बन्धी चुनौतीलाई खेपिरहनु परेको यथार्थलाई चित्रण गर्दै राष्ट्रिय मानवअधिकार आयोगले २०६३ सालदेखि राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस क्रममा दुईओटा वार्षिक प्रतिवेदनहरू प्रकाशित भइसकेका छन् । प्रतिवेदन तयारी गर्दा मानव बेचविखनको क्षेत्रमा क्रियाशील सरोकारवाला संस्थाहरूको सहभागिता तथा समन्वयलाई आधार बनाइएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०६५/०६६ को प्रतिवेदन तयार गर्न आयोगले गत जेठ २२ गते विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था एवम् दातृ संस्थाहरूसँग छलफल सम्पन्न गरेको छ । यस कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनले अबलम्बन गर्नु पर्ने विश्लेषणात्मक दृष्टिकोणका बारेमा सुझाव दिनुभएको थियो । उहाँले मानव बेचविखनसम्बन्धी प्रतिवेदनले सबै सरोकारवालाहरूले गरेको प्रयासहरूलाई एकीकृत रूपमा संहिताबद्ध गर्नु पर्ने बताउनु भयो । साथै हरेक महिना सूचना सङ्कलनलाई नियमित गर्दै हरेक तीन महिनामा आवधिक प्रतिवेदन प्रकाशन गर्न सके अझ प्रभावकारी हुने सुझाव सदस्य प्रधानले दिनुभयो । छलफल कार्यक्रममा भेला भएका विभिन्न ३४ सरोकारवाला संस्थाका प्रतिनिधिहरूले प्रतिवेदनका बारेमा आ-आफ्नो धारणा राख्दै प्रतिवेदन प्रकाशन गर्न आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने दृढता प्रकट गरे ।

यसै सन्दर्भमा असार ३ गते आयोगका सदस्य रामनगीना सिंहको अध्यक्षतामा अर्को छलफल कार्यक्रम सम्पन्न भएको थियो । उहाँले महिला तथा चेलीबेटी बेचविखन् मानवअधिकार विरुद्धको आपराधिक कृयाकलापहरूको गाम्भीर्यतालाई हेरी बेचविखनको मारमा परेका चेलीबेटीहरूको उद्धार गरी मानवअधिकारको संरक्षण गर्नु पर्ने धारणा राख्नुभयो । सरोकारवाला मन्त्रालय, विभाग लगायतका विभिन्न सरकारी कार्यालयहरूको प्रतिनिधित्व रहेको उक्त कार्यक्रममा सहभागीहरूले आ–आफ्नो कार्यालयले महिला र चेलीबेटी बेचविखन् रोकथाम तथा नियन्त्रणका क्षेत्रमा गरेका गतिविधिहरूका बारेमा जानकारी गराएका थिए । आयोगका सचिव विशाल खनालले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको औचित्यका बारेमा प्रस्ट्याउनु भएको थियो । मानव बेचविखन विरुद्ध राष्ट्रिय समाधीक्षक पद्मा माथेमाले प्रतिवेदनको अवधारणा, सूचना सङ्कलन व्यवस्था र प्रतिवेदन तयारी ढाँचा प्रस्तुत गर्नुभएको थियो ।

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ वैसाख महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | सम्पर्क कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | | | | | | | | यो महिना कुनै पनि उजुरी दर्ता नभएको । | यो महिना कुनै पनि उजुरी दर्ता नभएको । | |
| | | एनेकपा (माओवादी) | | १ | | १ | | | | | | २ |
| | | अन्य | | | | १ | | | १ | | | २ |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | ४ | | | | | | | | | ४ |
| | | एनेकपा (माओवादी) | | १ | | | | | | | | १ |
| | | अन्य समूह | | | १ | १ | | २ | २ | | | ६ |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | २ | १ | | २ | ३ | | | | | ८ |
| | | अन्य समूह | | | | | | | | | | |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | १ | | | | | | | १ |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | १ | | | | | | | १ |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | १ | | | | | | १ |
| | | अन्य समूह | | १ | | | | | | | | १ |
| ७ | धम्की | राज्यपक्ष | १ | १ | | | | | | | | २ |
| | | एनेकपा (माओवादी) | २ | | | | | | | | | २ |
| | | अन्य समूह | १ | १ | २ | | | | | | | ४ |
| ८ | कारागार/थुनासम्बन्धी | | | | १ | | | | | | | १ |
| ९ | क्षतिपूर्ति | | | | | | | | | | | |
| १० | नागरिक अधिकार | | | | १ | | | | | | | १ |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | | १ | ३ | | | ५ |
| १२ | महिला अधिकार | | २ | | | | १ | | | | | ३ |
| १३ | बालअधिकार | | | | | | | | | | | |
| १४ | न्याय प्रशासन | | ४ | १ | | | १ | | | | | ६ |
| १५ | विदेशमा नेपाली | | | | | | | | | | | |
| १६ | अन्य | | | | | १ | | १ | | | | २ |
| | जम्मा | | १६ | ७ | ७ | ८ | ५ | ४ | ६ | ० | ० | ५३ |

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ जेठ महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | | क्षेत्रीय कार्यालयहरू | | | | सम्पर्क कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | | | | | | | | यो महिना कुनै पनि उजुरी प्राप्त नभएको । | १ | १ |
| | | एनेकपा (माओवादी) | | | | | | | | | १ | १ |
| | | अन्य | | | | १ | | | | | | १ |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | १ | २ | | | | | | | | ३ |
| | | एनेकपा (माओवादी) | | | | १ | | | १ | | | २ |
| | | अन्य समूह | | | २ | १ | १ | | | | | ४ |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | १ | १ | १ | १ | १ | | | | | ५ |
| | | अन्य समूह | | | | | | | | | | |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | | | | १ | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | २ | | | | | | | २ |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | १ | | | | | | | | | १ |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ७ | धम्की | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ८ | कारागार/थुनासम्बन्धी | | | | | | १ | | | | | १ |
| ९ | क्षतिपूर्ति | | | | | | | | | | | |
| १० | नागरिक अधिकार | | | | | | १ | १ | | | | २ |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | १ | | | | | | | | १ |
| १२ | महिला अधिकार | | २ | १ | | २ | | | | | | ५ |
| १३ | बालअधिकार | | १ | | १ | १ | | | १ | | | ४ |
| १४ | न्याय प्रशासन | | | | | | | १ | | | | १ |
| १५ | विदेशमा नेपाली | | | | | | | | | | | |
| | अन्य | | | | | | | | १ | | | १ |
| | जम्मा | | ६ | ५ | ६ | ७ | ५ | २ | ३ | ० | २ | ३६ |

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१०९१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरू

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११
जनकपुरधाम, धनुषा, फोन: ०४१-५२७२५०
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

**प्रापक:**

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य